# विकासशील मुलुकको रुपमा सहज स्तरोन्नतिको लागि वाणिज्य क्षेत्रको रणनीतिक योजना, २०८१

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

# विषयसूची

१. पृष्ठभूमि ........ १

२. वाणिज्य क्षेत्रको वर्तमान स्थिति ........ २

३. व्यापार सम्बद्ध सन्धि सम्झौतामा अतिकम विकसित मुलुकसम्बन्धी विद्यमान प्रावधान ........ ६

४. स्तरोन्नतिबाट नेपालको व्यापारमा पर्ने सम्भावित प्रभाव ........ १४

५. नेपालको विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी राष्ट्रिय रणनीति ........ १९

६. वाणिज्य क्षेत्रको रणनीतिक योजना ........ २०

६.१ आवश्यकताः ........ २०

६.२ दुरदृष्टिः ........ २१

६.३ लक्ष्यः ........ २१

६.४ उद्देश्यः ........ २१

६.५ रणनीतिहरुः ........ २२

६.६ कार्यनीतिहरुः ........ २२

७. कार्यान्वयन कार्ययोजना ........ ३१

८. अनुगमन तथा मूल्याङ्कनः ........ ५९

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमि

संयुक्त राष्ट्र संघको विकास नीति समितिले प्रतिव्यक्ति कम आय भएका, मानव सम्पत्तिको न्यून स्तरको विकास भएका र आर्थिक तथा वातावरणीय जोखिममा रहेका देशलाई अतिकम विकसित मुलुकको रुपमा परिभाषित गरेको छ। विकास नीति समितिले प्रत्येक तीन वर्षको अन्तरालमा अतिकम विकसित राष्ट्रलाई विकासशील राष्ट्रमा स्तरोन्नती गर्ने सम्बन्धमा मूल्याङ्कन गर्ने गर्छ । यहि मूल्याङ्कन अनुसार नेपाल सन् १९७१ मा यो समूहमा परेको ५६ वर्षपछि सन् २०२६ को नोभेम्बर पश्चात स्तरोन्नति हुने निर्णय भईसकेको छ। सन् २०१५, २०१८ र २०२१ मा भएका तीनवटा त्रिवर्षीय समीक्षा तथा नेपालले हासिल गरेको न्यूनतम सीमाको आधारमा संयुक्त राष्ट्र संघको विकास नीति समितिले नेपालको स्तरोन्नतिको लागि गरेको सिफारिस तथा आर्थिक तथा सामाजिक परिषद्को स्वीकृति अनुसार २३ नोभेम्बर २०२१ मा संयुक्त राष्ट्र संघको महासभाले अनुमोदन गरेको थियो। संयुक्त राष्ट्र संघको महासभाबाट नेपाललाई स्तरोन्नति गर्ने प्रस्ताव पारित भएको भएपछि ५ वर्षको पूर्वतयारी अवधि पश्चात २४ नोभेम्बर २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति हुने सिफारिस भई स्तरोन्नति हुने क्रममा रहेको छ। नेपालले सन् २०१५, २०१८, २०२१ र २०२४ को स्तरोन्नतिसम्बन्धी सूचकाङ्क र नेपालको अवस्थाको विवरण तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १. स्तरोन्नतिसम्बन्धी सूचकाङ्क र नेपालको अवस्था**

| परिसूचक/सूचकाङ्क | स्तरोन्नतिको लागि आवश्यक | त्रिवर्षीय मूल्याङ्कन (औसत) | | | |
|---|---|---|---|---|---|
| | | २०१५ | २०१८ | २०२१ | २०२४ |
| १. प्रतिव्यक्ति कुल राष्ट्रिय आय (GNI per capita $) | ≥ १२४२ (२०१५)<br>≥ १२३० (२०१८)<br>≥ १२२२ (२०२१)<br>≥ १३०६ (२०२४) | ६५९ | ७४५ | १०२७ | १३०० |
| २. मानव सम्पत्ति सूचकाङ्क (HAI) | ≥ ६६ | ६८.७ | ७१.२ | ७४.९ | ७६.३ |
| ३. आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (EVI) | ≤ ३२ | २६.८ | २८.४ | २४.७ | २९.७ |

स्रोतः संयुक्त राष्ट्र संघ

स्तरोन्नति हुनको लागि दुई सँगैका समीक्षा बर्षमा कुनै दुई सूचकाङ्कको तोकिएको सीमा पुगेको हुनुपर्छ । अर्थात् प्रति व्यक्ति कुल राष्ट्रिय आय (GNI Per Capita) र मानव सम्पत्ति सूचकाङ्क (Human Assets Index, HAI) वा प्रति व्यक्ति कुल राष्ट्रिय आय (GNI Per Capita) र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (EVI) वा मानव सम्पत्ति सूचकाङ्क (Human Assets Index, HAI) वा आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (EVI) को तोकिएको सीमा पुरा भएको हुनुपर्छ। स्तरोन्नति हुन आवश्यक प्रति व्यक्ति कुल राष्ट्रिय आय (GNI Per Capita) आयको सन् २०२४

अघि दोब्बर र २०२४ पश्चात तेब्बर मात्र पुगे पनि अरु सूचकाङ्कलाई ध्यान नदिई स्तरोन्नतिको सीमा पुगेको मानिने व्यवस्था रहेको छ । तर सीमा पुगेपछि स्वतः स्तरोन्नति भईहाल्ने नभई स्तरोन्नतिको प्रभाव मूल्याङ्कन (Impact Assessment), जोखिम स्तर (Vulnerability Profile) र स्तरोन्नति हुने देशको दृष्टिकोणलाई समेत ध्यान दिईने व्यवस्था छ । तालिका १ मा उल्लेख भएबमोजिम पछिल्लो तीन वटै त्रिबर्षीय पुनरावलोकनमा नेपालले मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कको मापदण्ड पुरा गरेको तर प्रतिव्यक्ति आयको मापदण्ड हालसम्म कुनै पनि त्रिबर्षीय पुनरावलोकनमा पुरा नभएको देखिन्छ। प्रतिव्यक्ति आयको मापदण्ड पुरा नगरीकन विकासशील राष्ट्रमा स्तरोन्नति हुने नेपाल एक मात्र मुलुक रहेको छ। नेपालको विकासशील राष्ट्रमा स्तरोन्नतिलाई तसर्थ दिगो, सहज र स्थायी बनाउन प्रतिव्यक्ति आय बढाउने, मानव विकासका परिसूचकमा थप सुधार गर्नुपर्ने र आर्थिक तथा वातावरणीय जोखिम न्यूनीकरण गर्दै जानुपर्ने देखिन्छ।

नेपालको स्तरोन्नतिबाट मुलुकको समग्र विकासमा थप अवसर तथा चुनौती सिर्जना हुनेछन्। यसबाट उत्पादन, लगानी लगायतका समष्टिगत आर्थिक परिसूचकमा सामान्यतया सकारात्मक प्रभाव पर्ने भए तापनि कोभिड-१९ पश्चातका विभिन्न विश्वव्यापी संकटबाट पुनरुत्थान भइरहेको अर्थतन्त्र एवम् साँघुरो निर्यात आधार तथा कमजोर व्यापार सूचकाङ्क रहेको अवस्थामा हुने स्तरोन्नतिबाट वैदेशिक व्यापारमा भने थप चुनौती सिर्जना हुने देखिन्छ। खासगरी अतिकम विकसित मुलुकको रूपमा बहुपक्षीय तथा क्षेत्रीय सम्झौता र एकपक्षीय तवरबाट प्राप्त सुविधा एवम् सहुलियत गुमाउँदा नेपाली वस्तु तथा सेवाको बजार पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउनसक्ने जोखिम रहेको छ। यस सन्दर्भमा उत्पादनशील क्षमता बढाउँदै प्राप्त सुविधा तथा सहुलियतलाई स्तरोन्नति पश्चात् समेत केही अवधिसम्म निरन्तरता दिँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्धन हुनेगरी सामञ्जस्यपूर्ण रूपमा वाणिज्य क्षेत्रसँग सम्बन्धी नीति तथा रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।

यसै आवश्यकतालाई सम्बोधन गर्न संविधानले दिशानिर्देश गरेको उद्योग वाणिज्य क्षेत्रको नीति, वाणिज्य नीति, औद्योगिक नीति, नेपाल व्यापार एकीकृत रणनीति, व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजनाले आत्मसाथ गरेका विषयलाई समेत समावेश गरी विस्तृत र समयवद्ध कार्ययोजना सहित विकासशील मुलुकको रुपमा सहज स्तरोन्नतिको लागि वाणिज्य क्षेत्रको रणनीतिक योजना तर्जुमा गर्नु आवश्यक देखिएको हो ।

## २. वाणिज्य क्षेत्रको वर्तमान स्थिति

नेपालको वैदेशिक व्यापारको संरचनामा निरन्तर रुपमा निर्यात भन्दा आयातको हिस्सा अत्यधिक रहेको छ। आन्तरिक मागको पूर्ति गर्ने गरी अपेक्षित रूपमा उत्पादन वृद्धि हुन नसक्दा आयात निरन्तर बढ्दै गएको छ भने निर्यात योग्य बस्तु तथा सेवाहरु प्रतिष्पर्धी हुन् नसकी निर्यात अपेक्षितरुपमा वृद्धि हुन् सकेको छैन। नेपालको व्यापार घाटा फराकिलो हुँदै गएको छ। आ.व. २०६९/७० मा वैदेशिक व्यापार रू. ६ खर्ब ७९ अर्ब रहेकोमा आ.व. २०८०/८१ मा वैदेशिक व्यापार रू. १७ खर्ब ४५ अर्ब पुगेको छ। यस अवधिमा आयात करिब २.६५

गुणाले वृद्धि भई रू. ६ खर्ब १ अर्बबाट करिव रू. १५ खर्ब ९३ अर्ब र निर्यातमा १.९७ गुणाले वृद्धि भई रू. १ खर्ब ५२ अर्ब पुगेको छ। आ.व. २०६९/७० मा १:७.८ रहेको निर्यात आयात अनुपात आ.व. २०८०/८१ मा १:१०.५ भएको छ।

आ.व. २०६९/७० मा आयात हुने प्रमुख वस्तु पेट्रोलियम पदार्थ, फलाम तथा स्टिलका वस्तु, मेसिनरी सामान, यातायातका साधन, सुन, विद्युतीय उपकरण र खाद्यान्न रहेकोमा आ.व. २०८०/८१ को आयातमा पाम तेल र सोयाबिन तेल बाहेक अन्य वस्तुको आयातमा पुरानै वस्तुको प्रधानता रहेको छ। आ.व. २०६९/७० मा सेवा निर्यात रू. ९५ अर्ब २० करोड रहेकोमा आ.व. २०८०/८१ मा रू. २ खर्ब ५२ अर्ब पुगेको छ। उक्त अवधिमा सेवा आयात रू. ८७ अर्ब ६० करोडबाट रू. ३ खर्ब ८ अर्ब पुगेको छ। जसका कारण सेवा व्यापार समेत रू. ५५ अर्ब घाटामा गएको छ। आ.व. २०७६/७७ देखि २०८०/८१ सम्मको वस्तु व्यापारतर्फ नेपालबाट निर्यात भएका प्रमुख गन्तव्य मुलुकहरु तालिका २ मा राखिएको छ।

**तालिका २. नेपालको निर्यातको देशगत विवरण**

रु. अर्बमा

| क्र.सं. | देश | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| १. | भारत | ७०.१ | १०६.३७ | १५५.२२ | १०६.६९ | १०३.१८ |
| २. | संयुक्त राज्य अमेरिका | ९.४४ | १३.७९ | १७.९९ | १९.५७ | १७.३१ |
| ३. | जर्मनी | २.७ | ३.२४ | ४.२ | ४.३६ | ४.४५ |
| ४. | संयुक्त अधिराज्य | २.०४ | २.४४ | ३.१२ | ३.३४ | ३.०८ |
| ५. | चीन | १.१९ | १.०२ | ०.८१ | १.७७ | २.५९ |
| ६. | संयुक्त अरब ईमिरेट्स | ०.२२ | ०.३५ | ०.४६ | १.०८ | २.५८ |
| ७. | फ्रान्स | १.११ | १.३१ | १.६६ | १.८३ | २.०५ |
| ८. | अस्ट्रेलिया | ०.५६ | १.०७ | १.१७ | १.६१ | १.८२ |
| ९. | जापान | ०.८९ | ०.९७ | १.११ | १.४३ | १.५९ |
| १०. | ईटली | ०.७ | ०.८ | १.१४ | १.३३ | १.३६ |
| ११. | क्यानाडा | ०.६८ | ०.९१ | १.१२ | १.७९ | १.३५ |
| १२. | तुर्किए | २.१२ | १.६ | ३.७४ | २.१६ | १.०८ |
| १३. | नेदरल्याण्ड | ०.३३ | ०.५९ | ०.८३ | १.१२ | ०.९२ |
| १४. | डेनमार्क | ०.२९ | ०.५१ | ०.७७ | ०.९२ | ०.८२ |
| १५. | अन्य देशहरु | ५.३३ | ६.१६ | ६.६९ | ८.१५ | ८.१८ |
| जम्मा | | ९७.७ | १४१.१२ | २००.०३ | १५७.१४ | १५२.३८ |

स्रोतः व्यापार तथा निकासी प्रवर्धन केन्द्र

तालिका २ मा उल्लेख भएबमोजिम पछिल्लो पाँच वर्षको निर्यातको तथ्याङ्कबाट नेपालको प्रमुख निर्यात गन्तव्यमा भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, संयुक्त अधिराज्य, चीन, संयुक्त अरब ईमिरेट्स, फ्रान्स, अस्ट्रेलिया, जापान, ईटली लगायतका देशहरु रहेका छन। यो प्रवृति हेर्दा निर्यातको मुख्य अंश भारतमा रहेको देखिन्छ। भारतसँगको निर्यातमा स्तरोन्नतिले तत्काल प्रभाव पार्ने देखिन्न। समग्रमा निर्यातमा सामान्य बृद्धि भएको, विभिन्न निर्यात गन्तव्यको हिस्सामा उल्लेखनिय परिवर्तन नभएको, अल्पविकसित मुलुकले पाएको भन्सार रहित र कोटा रहित सुविधाको उपयोग प्रयाप्त हुन नसकेको देखिन्छ। जसले गर्दा व्यापार घाटामा उल्लेख्य वृद्धि भई बाह्य क्षेत्र सन्तुलनमा दवाव पर्न गएको अवस्था छ। नेपालको स्तरोन्नति पश्चात मूलतः यूरोपेली बजारमा प्राथमिकता संकुचन भई निर्यात व्यापारमा संकुचन हुन सक्ने सम्भावना भएकोले नेपाली उत्पादनको मूल्य अभिवृद्धि गरी प्राथमितकता प्राप्त सुविधाहरुको लागि पहल गर्नुपर्ने देखिन्छ।

## तालिका ३. नेपालको आयातको देशगत विवरण

रु. अर्बमा

| क्र.सं. | देश | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| १. | भारत | ७३५.३ | ९७१.६ | १२००.२ | १०२७.८ | ९९६.७ |
| २. | चीन | १८१.९ | २३३.९ | २६४.८ | २२२.७ | २९८.८ |
| ३. | संयुक्त अरब ईमिरेट्स | १८.१ | ३७.१ | ४७.९ | ३२.२ | २९.१ |
| ४. | संयुक्त राज्य अमेरिका | २३.५ | १९.५ | ५०.१ | १९.४ | १९.५ |
| ५. | अस्ट्रेलिया | ४.८ | १६.४ | २४.५ | १८.६ | १५.४ |
| ६. | फ्रान्स | ११.३ | ४.७ | ६.२ | ८.१ | १३.८ |
| ७. | क्यानाडा | १६.७ | १४.३ | ११.८ | ४.१ | ८.९ |
| ८. | जर्मनी | ५.५ | ५.६ | ६.४ | ६.८ | ७.९ |
| ९. | संयुक्त अधिराज्य | ३.१ | २.४ | ५.३ | ६.५ | ७.१ |
| १०. | जापान | ७.२ | ६.१ | ७.७ | ५.४ | ६.४ |
| ११. | तुर्किए | ५.१ | ७.३ | ९.२ | ४.४ | ४.३ |
| १२. | नेदरल्याण्ड | १.७ | २.४ | ५.२ | २.९ | ३.३ |
| १३. | ईटली | ४.२ | २.२ | ३.७ | ३.२ | २.७ |
| १४. | स्विट्जरल्याण्ड | ७.८ | २.३ | ८.० | २.२ | १.७ |
| १५. | डेनमार्क | ०.३ | ०.७ | ०.५ | ०.४ | ०.४ |
| १६. | अन्य देशहरु | १७०.३ | २१३.३ | २६९.२० | २४६.८ | १७७.२ |
| | **जम्मा** | **११९६.८** | **१५३०.८** | **१९२०.४** | **१६११.७** | **१५९३** |

स्रोतः भन्सार विभाग

माथि तालिका ३ मा उल्लेख भएबमोजिम पछिल्लो पाँच वर्षको आयातको तथ्याङ्कबाट नेपालको प्रमुख आयात भारत, चीन, संयुक्त अरब ईमिरेट्स, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, फ्रान्स, क्यानाडा, जर्मनी, संयुक्त अधिराज्य, जापान लगायतका देशहरु रहेका छन। यो प्रवृति हेर्दा आयातमा पनि भारत निर्भरता रहेको देखिन्छ। भारतसँगको व्यापारमा स्तरोन्नतिले तत्काल प्रभाव पार्ने देखिन्न। यद्यपि पारस्परिक व्यवहार (Reciprocal Treatment) को लागि थप दवाव पर्न सक्ने सम्भावना सिर्जना हुन् सक्छ। भारतसंग हाल अधिकांश औधोगिक वस्तुको निर्यातमा सुन्य भन्सार सुविधा प्राप्त भईरहेको छ। अन्य मुलुकले वार्तामा पारस्परिक सुविधाको लागि दवाव दिने अवस्था सिर्जना हुन् सक्दछ। उल्लिखित प्रमुख व्यापार साझेदारहरुसँगको निर्यात अपेक्षित रुपमा बढ्न नसकेको तर आयात निरन्तर तीव्र रुपमा बढिरहेको सन्दर्भमा निर्यात प्रवर्धन र आयात व्यवस्थापनको लागि गम्भीर कदमहरु चाल्नु आवश्यक छ।

नेपालको स्तरोन्नतिलाई दिगो बनाउन प्रतिव्यक्ति आम्दानी बढाउने, मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कमा सुधार गर्ने तर्फ जोड दिनु आवश्यक देखिन्छ । व्यापार तथा लगानीको अभिवृद्धिबाट र यस क्षेत्रको सुधारबाट यी सूचकाङ्कहरुमा सुधार गर्नुपर्ने देखिन्छ । यी सूचकाङ्कहरुमा सुधार गर्न रोजगारी र आम्दानी वृद्धिसंग पनि प्रत्यक्ष जोडिएको हुन्छ । यसको लागि व्यापार क्षेत्रको सुदृढीकरण गरी अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान वृद्धि गर्न जरुरी हुन्छ । यसै सिलसिलामा वाणिज्य नीति, २०८१, सहज स्तरोन्नति रणनीति, नेपाल व्यापार एकिकृत रणनीति, २०८० लगायतको प्रभावकारी कार्यान्वयनको लागि साधन स्रोत व्यवस्थापन, संस्थागत सुदृढीकरण, वस्तु तथा सेवाको मूल्य शृङ्खला विकास, व्यापार पूर्वाधार निर्माण, व्यापार सहजीकरण लगायतका उपायहरु अवलम्बन गरी व्यापार निर्देशित अर्थतन्त्र विकासको वातावरण निर्माण गर्न जरुरी देखिएको छ। अन्य देशको लागि मुख्य निर्यातमा वृद्धि विकसित नेपाल सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति हुने सन्दर्भमा प्रमुख व्यापारिक साझेदारहरुबाट प्राप्त सहुलियतपूर्ण बजार पहुँच र सुविधाहरुको निरन्तरताको लागि पहल गर्नुपर्ने देखिन्छ।

नेपालमा पर्यटन, सूचना प्रविधि तथा विजिनेस प्रोसेस आउटसोर्सिङ्ग, निर्माण तथा विद्युत निर्यातको प्रचुर सम्भावना भएका सेवाका क्षेत्रहरू हुन्। तथापि नेपालमा पर्यटन क्षेत्रको अपेक्षित विकास भई पर्यटकको संख्या तथा पर्यटन आय बढ्न नसकेको, सूचना प्रविधि क्षेत्रको निर्यातका लागि अनुकुल वातावरण निर्माण तथा प्रोत्साहन गर्न नसकिएको, सीपयुक्त जनशक्ति पठाई वैदेशिक रोजगारलाई मर्यादित बनाउन नसकिएको, निर्माण सेवाको निर्यातमा ध्यान पुग्न नसकेको, विद्युत निर्यातका लागि ट्रान्समिसन लाईन, पर्याप्त उत्पादन लगायत नीतिगत तथा संस्थागत प्रबन्ध भई नसकेको जस्ता कारणले सेवा क्षेत्रको निर्यात अपेक्षित रुपमा बढ्न सकेको छैन।

समग्रमा नेपालको निर्यात व्यापार भारत केन्द्रित हुँदै गएको एवम् अर्थतन्त्रमा औद्योगिक क्षेत्रको हिस्सा कम हुँदै गएको छ। उच्च जोखिमपूर्ण व्यापार संरचना रहनुमा समष्टिगत आर्थिक, लगानी, औद्योगिक र व्यापार नीति तथा विषय क्षेत्रगत नीतिबीच सामञ्जस्यताको कमी, अन्तर निकाय समन्वयको कमी, व्यापार, औद्योगिक लगायतका

आर्थिक पूर्वाधारको अपर्याप्तता, अन्तर्राष्ट्रिय बजार पहुँचको न्यून उपयोग, बजार अनुसन्धान तथा प्रवर्द्धनको कमी, निर्यातयोग्य वस्तुको स्थायित्व र कमजोर प्रतिस्पर्धी क्षमता, अन्तर्राष्ट्रिय स्तरका प्रयोगशाला तथा प्रमाणीकरण सुविधाको कमी, आपूर्ति तथा मूल्य शृङ्खलाको जटिलता लगायतका कारण रहेका छन्।

## ३. व्यापार सम्बद्ध सन्धि सम्झौतामा अतिकम विकसित मुलुकसम्बन्धी विद्यमान प्रावधान

विश्व व्यापार संगठन अन्तर्गतका विभिन्न सम्झौता तथा निर्णयमा अतिकम विकसित मुलुकसँग सम्बन्धित विभिन्न प्रावधान रहेका छन्। त्यसैगरी क्षेत्रीय व्यापार सम्झौता अन्तर्गत नेपालले सम्झौता गरेको दक्षिण एशियाली सहयोग संगठन अन्तर्गतको दक्षिण एशियाको स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) र बंगालको खाडी तथा बहुपक्षीय सामाजिक तथा प्राविधिक सहयोग अन्तर्गतको स्वतन्त्र व्यापार सम्झौता (बिमस्टेक) मा समेत भन्सार महशुल छुट, लचिलो उत्पत्तिको नियम, बजार पहुँच, प्राविधिक सहयोग, सम्झौता कार्यान्वयनको लागि थप समय लगायतका अतिकम विकसित सदस्य राष्ट्रलाई पृथक तथा विशेष सुविधा दिनुपर्ने प्रावधान रहेको छ। साथै, विकसित तथा विकासशील मुलुकले अतिकम विकसित मुलुकलाई एकपक्षीय रूपमा प्रदान गर्दै सामान्य ग्राहयता प्रणाली (जिएसपि) सुविधा अन्तर्गत भन्सार महशुलमा छुट दिने व्यवस्था गरेका छन्।

विश्व व्यापार संगठनसँग सम्बन्धीत विभिन्न सम्झौतामा अतिकम विकसित सदस्य मुलुकका लागि विशेष तथा फरक व्यवहारका प्रावधान रहेका छन्। यी प्रावधानलाई संक्षिप्त रूपमा तालिका ४ मा प्रस्तुत गरिएको छ।

**तालिका ४. विश्व व्यापार संगठनमा अतिकम विकसित मुलुकसँग सम्बन्धित प्रावधान र स्तरोन्नतिको असर**

| क.सं. | सम्झौता | दफा | प्रावधान | स्तरोन्नतिको असर |
|---|---|---|---|---|
| १. | भन्सार तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade-GATT 1994) | इनेबलिङ प्रावधान | विश्व व्यापार संगठनको अन्तरनिहित सिद्धान्त अनुसार विकासशील मुलुकलाई पृथक तथा विशेष सुविधा प्रदान गर्न सकिने प्रावधान रहेको छ। यस अन्तर्गत विभिन्न सम्झौता कार्यान्वयनको लागि लामो समय तथा लचकता, विकसित मुलुकले अतिकम विकसित मुलुकलाई एकपक्षीय सुविधा प्रदान गर्नसक्ने लगायतका विषय समेटिएका छन्। | स्तरोन्नति पश्चात समेत एकपक्षीय सुविधा प्रदान गर्नसक्ने तथा इनेबलिङ प्रावधान कायम रहने हुँदा स्तरोन्नतिबाट असर नपर्ने देखिन्छ। |

| क्र.सं. | सम्झौता | दफा | प्रावधान | स्तरोन्नतिको असर |
| --- | --- | --- | --- | --- |
| २. | कृषिसम्बन्धी सम्झौता (Agreement of Agriculture) | १५.२ | अतिकम विकसित मुलुकलाई कृषिमा लाग्ने भन्सार महशुल घटाउँदै लैजानुपर्ने विषयमा विशेष छुटको व्यवस्था रहेको छ। | भन्सार महसुल सम्बन्धमा प्रतिबद्धता अनुसार अधिकतम भन्सार दर लगाउन सकिने अवस्था रहने हुँदा स्तरोन्नतिबाट असर नपर्ने देखिन्छ। |
| | | १६.१ र १६.२ | अतिकम विकसित मुलुक र खाद्य वस्तु आयात गर्ने मुलुकलाई सम्झौताबाट आउन सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्ने कार्यमा सहयोग प्राप्त हुने व्यवस्था रहेको छ। | यो प्रावधान सम्झौता लागू हुने अवस्थामा सान्दर्भिक रहेको स्तरोन्नितिबाट तात्विक असर नपर्ने देखिन्छ। |
| | | १८,२ | कृषिको क्षेत्रमा प्रदान गरिने घरेलु सहायता सम्बन्धी विवरणको नोटिफिकेशन विश्व व्यापार संगठनमा प्रत्येक दुई वर्षमा पठाउनुपर्ने व्यवस्था रहेको छ। | स्तरोन्नति पछि उक्त नोटिफिकेशन प्रत्येक वर्ष पठाउनुपर्नेछ। |
| ३. | वनस्पति तथा मानव स्वास्थ्य (Sanitary and Phytosanitary-SPS) सम्बन्धी सम्झौता | १० | यो सम्झौताको प्रयोगमा बनस्पति तथा मानव स्वास्थ्य सम्बन्धी प्रावधानमा अतिकम विकसित मुलुकको चासोलाई ध्यान दिने व्यवस्था रहेको छ। | अतिकम विकसित मुलुकको चासोलाई ध्यान दिने व्यवस्था प्रभावकारी नरहे यो सुविधा स्तरोन्नति पछि गुम्ने देखिन्छ। |
| | | १४ | अतिकम विकसित मुलुकलाई यो सम्झौताको कार्यान्वयनमा थप समयको व्यवस्था रहेको थियो। | उक्त थप समयावधि समाप्त भई कार्यान्वयनको अवस्थामा गईसकेको हुँदा |

| क.सं. | सम्झौता | दफा | प्रावधान | स्तरोन्नतिको असर |
|---|---|---|---|---|
| | | | | स्तरोन्नतिले असर नपर्ने देखिन्छ। |
| ४. | व्यापारको क्षेत्रमा प्राविधिक बाधा अडचन (Technical Barriers on Trade-TBT) सम्बन्धी सम्झौता | ११.८ | प्राविधिक सहयोग प्रदान गर्दा अतिकम विकसित मुलुकलाई प्राथमिकता दिने व्यवस्था रहेको छ। | स्तरोन्नति पश्चात प्राविधिक सहयोग प्राप्तिमा असर पर्न सक्ने, न्यून मात्रमामा मात्र सहयोग प्राप्त हुन सक्ने देखिन्छ। |
| | | १२.७ र १२.८ | व्यापारको क्षेत्रमा प्राविधिक अवरोध सम्बन्धी कानुन निर्माण गर्न सहयोग तथा सम्झौता कार्यान्वयनमा विशेष ध्यान दिने व्यवस्था रहेको छ। | विशेष ध्यान दिने व्यवस्था प्रभावकारी नरहेको सन्दर्भमा स्तरोन्नतिले खासै फरक पर्ने देखिदैन। |
| ५. | व्यापार सम्बद्ध लगानी सम्बन्धी सम्झौता (Trade Related Investment Measures-TRIMS) | ५.२ | अतिकम विकसित मुलुकलाई सम्झौता लागु गर्न थप समयावधि दिइने व्यवस्था रहेको छ। | उक्त थप समयावधि समाप्त भई कार्यान्वयनको अवस्थामा गईसकेको हुँदा स्तरोन्नतिले असर नपर्ने देखिन्छ। |
| ६. | अनुदान तथा काउण्टरभेलिङ उपाय (Subsidies and Countervailing Measures) सम्बन्धी सम्झौता | २७ | निर्यात अनुदानमा छुट र सम्झौता कार्यान्वयनमा ४ वर्ष थप समय अवधिको उपलब्धता रहेको छ। | उक्त थप समयावधि समाप्त भई कार्यान्वयनको अवस्थामा गईसकेको हुँदा स्तरोन्नतिले असर नपर्ने देखिन्छ। |
| | | अनुसूची ७ | अनुसूची ७ मा अतिकम विकसित देशहरु र सन् १९९० को स्थिर दरमा १००० अमेरिकन डलर भन्दा कम प्रति व्यक्ति आय भएका केही | स्तरोन्नति पश्चात नेपालले निर्यातमा प्रोत्साहन दिने नगद अनुदान, कर छुट, भन्सार फिर्ता, विशेष आर्थिक क्षेत्रमा |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | सम्झौता | दफा | प्रावधान | स्तरोन्नतिको असर |
|---|---|---|---|---|
| | | | देशहरुको सूची रहेको र उक्त सूचीमा रहेको सदस्यहरुले निषेधित अनुदान (निर्यात प्रवर्धन वा आयात प्रतिस्थापन गर्ने खालका अनुदान) दिन पाउने व्यवस्था रहेको। | दिईने प्रोत्साहन लगायतका अनुदान दिन पाउने छैन। नेपाल अनुसूची ७ मा समावेश नभएको हकमा यसप्रकारको निषेधित अनुदान दिन कठिनाई हुनेछ। |
| ७. | सेवा व्यापार सम्बन्धी सम्झौता (General Agreement on Trade in Services-GATS) | ४.३<br>१९.३ | अतिकम विकसित मुलुकको लागि यो सम्झौताको कार्यान्वयनमा विशेष ध्यान दिइने व्यवस्था रहेको छ। विश्व व्यापार सङ्गठनका सदस्यहरुले मुख्यरुपमा बजार पहुँच र प्राथमिकता प्राप्त बजार पहुँच दिन सक्ने व्यवस्था रहेको छ। | उक्त व्यवस्था हाल पनि प्रभावकारी नभएकोले हुँदा स्तरोन्नतिले उल्लेख्य असर नपर्ने देखिन्छ। |
| ८. | व्यापारसँग सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी सम्झौता (Trade Related Intellectual Property Rights-TRIPS) | प्रस्तावना | अतिकम विकसित मुलुकको विशेष आवश्यकतालाई ध्यान दिई सो अनुरुप नीति निर्माणमा सहयोग गर्ने व्यवस्था रहेको छ। | अतिकम विकसित मुलुकको विशेष आवश्यकतालाई ध्यान दिने विषय बाध्यकारी नभएको र कार्यान्वयन समेत सो सम्बन्धमा प्रभावकारी नदेखिँदा स्तरोन्नतिले फरक नपर्ने देखिन्छ। |
| | | ६६.१ | यो सम्झौता कार्यान्वयनमा थप समयावधिको व्यवस्था रहेको छ। | अतिकम विकसित राष्ट्रको रुपमा प्राप्त भएको थप समयावधी स्तरोन्नति पश्चात प्राप्त नहुने भएकोले यो सम्झौता स्तरोन्नति पश्चात |



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | सम्झौता | दफा | प्रावधान | स्तरोन्नतिको असर |
|---|---|---|---|---|
| | | | | तत्काल लागू गर्नुपर्ने हुन्छ। यसका कारण औषधी उत्पादन गर्ने उद्योग लगायत धेरै क्षेत्रमा प्रतिकूल असर पर्न जानेछ। |
| | | ६६.२ | विकसित वा विकासशील मुलुकले सहज, सुलभ र उपयुक्त ढङ्गले अतिकम विकसित मुलुकमा प्रविधि हस्तान्तरण गर्न सहयोग गर्ने व्यवस्था रहेको छ। | प्रविधि हस्तान्तरण गर्न सहयोग स्तरोन्नति पश्चात प्राप्त गर्न कठिनाई हुनेछ। |
| | | ३१.२० | मानव स्वास्थ्यलाई जोखिम हुनबाट बचाउने अत्यावश्यक औषधि आयातमा अधिकार प्राप्त हुनसक्ने व्यवस्था रहेको छ। | अत्यावश्यक औषधि आयातमा प्राप्त अधिकार गुम्न जाने जोखिम रहनेछ। |
| ९. | विवाद समाधान सम्बन्धी प्रावधान (Dispute Settlement provision) | २४.१ | अतिकम विकसित मुलुकलाई विवाद समाधान प्रकृयामा आवश्यक सहयोग प्रदान गर्ने व्यवस्था रहेको छ। साथै, विवाद समाधान प्रकृयाको लागि विश्व व्यापार संगठनसँग प्रत्यक्ष सहयोगको लागि अनुरोध गर्नसक्ने व्यवस्था रहेको छ। | विवाद समाधान प्रकृया अन्य सदस्यहरुले अतिकम विकसित सदस्यलाई सकेसम्म नलैजाने गरी संयमता अपनाउने व्यवस्था र विवादमा जादा आवश्यक सहयोग प्राप्त गर्ने व्यवस्था हट्न जाने हुँदा वैदेशिक व्यापारको क्रममा विवाद उत्पन्न हुँदा मुद्दा खेप्नुपर्ने अवस्था सृजना हुने सम्भावना स्तरोन्नति पश्चात बढ्नेछ। |

| क्र.सं. | सम्झौता | दफा | प्रावधान | स्तरोन्नतिको असर |
|---|---|---|---|---|
| १०. | व्यापार नीति समीक्षा संयन्त्र (Trade Policy Review Mechanism) | अनुसूची ३ | व्यापार नीति निर्माण र समीक्षा गर्न विशेष सहयोग प्राप्त गर्नसक्ने व्यवस्था रहेको छ। | स्तरोन्नति पश्चात अतिकम विकसित सदस्यको रुपमा प्राप्त हुने विशेष सहयोग प्राप्तिमा कठिनाई हुन सक्नेछ। |
| ११. | व्यापार सहजीकरण सम्झौता (Trade Facilitation Agreement-TFA) | १३-२१ | व्यापार सहजीकरण सम्बन्धी सम्झौतामा अन्तरनिहित विशेष तथा पृथक व्यवहार अन्तर्गत अतिकम विकसित तथा विकासशील सदस्य राष्ट्रको अनुकुल हुनेगरी कार्यान्वयन गर्न सकिने विशेष अधिकारको व्यवस्था रहेको छ। | अतिकम विकसित सदस्यले विशेष तथा पृथक व्यवहार अन्तर्गत प्राप्त गर्ने अतिरिक्त समयावधी र सहयोग गुम्न गई उक्त सम्झौताका प्रावधानहरु चाडै कार्यान्वयन गर्न कठिनाई उत्पन्न हुन सक्दछ। |

माथि उल्लेखित प्रावधानहरु अतिकम विकसित देशहरुको लागि प्राप्त हुने विशेष र फरक सुविधा तथा सहुलियतहरु स्तरोन्नति पश्चात प्राप्त हुने छैनन्। यद्यपि विकासशील सदस्य राष्ट्रको रुपमा प्राप्त हुने सुविधाहरुले निरन्तरता पाउनेछ। माथि तालिका ४ मा उल्लिखित प्रावधानका अतिरिक्त विश्व व्यापार संगठनको मन्त्रीस्तरीय बैठक र महासभाको बैठकबाट अतिकम विकसित मुलुकको हितमा विशेष निर्णय भई कार्यान्वयन हुने गरेका छन्। यसको आधारमा विकसित मुलुकले अतिकम विकसित मुलुकलाई समय सापेक्ष आर्थिक तथा प्राविधिक सहयोग समेत प्रदान गर्दै आएका छन्।

सन् २००१ मा दोहा, कतारमा भएको चौथो मन्त्रिस्तरीय सम्मेलनमा दोहा राउण्डले प्रवेश पाएको थियो। दोहा डेभेलपमन्ट एजेण्डाको रूपमा समेत चिनिएको यस राउण्डको कार्यक्रममा कृषि, गैर कृषि बजार पहुँच, व्यापारजन्य बौद्धिक सम्पत्ति, व्यापार सहजीकरण, प्राविधिक सहायता र क्षमता विकास लगायतका २० वटा विषय समावेश भएका थिए। यो सम्मेलन विकासशील र अति कम विकसित मुलुकको व्यापार गर्ने सम्भावना तथा सम्झौता कार्यान्वयन क्षमतामा समेत केन्द्रित थियो।

सन् २०२३ को अक्टोबरमा भएको विश्व व्यापार संगठनको महासभाको वैठकबाट सदस्य राष्ट्रहरुले विकासशील राष्ट्रको रुपमा स्तरोन्नति हुने अति कम विकसित मुलुकहरुलाई स्तरोन्नति पश्चात समेत एकपक्षीय रुपमा प्राथमिकता



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

प्राप्त बजार पहुँच प्रदान गर्न सक्ने निर्णय भएको छ । विश्व व्यापार संगठनको १३ औं मन्त्रिस्तरीय सम्मेलनले स्तरोन्नतिको ३ वर्ष पश्चातसम्म व्यापार विवाद सिर्जना हुने कुनै उजुरी भएमा विवाद समाधान संयन्त्रमा यथोचित संयमता (Due restraint) अपनाईने तथा मानव संसाधन क्षमता अभिवृद्धि सम्बन्धी सुविधाहरु प्राप्त हुने निर्णय भएको छ। स्तरोन्नति पश्चात सहुलियतको निरन्तरताको लागि अतिकम विकसित मुलुकहरुको समुहको तर्फबाट बौद्धिक सम्पत्तिको व्यापार पक्ष सम्वद्ध सम्झौता (TRIPS), कृषि सम्बन्धी सम्झौता, अनुदान तथा काउन्टरभेलिङ्ग सम्बन्धी सम्झौता र व्यापार सहजीकरण सम्बन्धी सम्झौता अन्तर्गतका विषयहरुमा यथोचित निर्णयमा पुग्न डिसेम्बर २०२४ सम्मको समयावधि १३ औं मन्त्रिस्तरीय सम्मेलनले तोकेको थियो।

त्यसैगरी, साफ्टामा अतिकम विकसित मुलुकको लागि विशेष तथा पृथक सुविधा सहितको प्रावधान रहेको छ। यसबाट भूटान, बंगलादेश र नेपाल लाभान्वित भएका छन् भने मालदिभ्स समेत विकासशील मुलुकमा स्तरोन्नति भए तापनि अतिकम विकसित मुलुकले पाउने गरेको सुविधा उपयोग गर्दै आएको छ। साफ्टामा भएका अतिकम विकसित मुलुकसँग सम्बन्धित प्रमुख प्रावधान देहाय बमोजिम रहेका छन्। यी प्रावधानलाई संक्षिप्त रूपमा तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५. साफ्टा सम्बन्धी सम्झौतामा अतिकम विकसित मुलुकसँग सम्बन्धित प्रावधान**

| क्र.सं. | धारा | अतिकम विकसित मुलुक सम्बन्धी प्रावधान | स्तरोन्नतिको असर |
|---|---|---|---|
| १. | प्रस्तावना | अतिकम विकसित मुलुकको विकास आवश्यकतालाई सम्बोधन गर्न विशेष तथा पृथक व्यवहारबारे उल्लेख भएको छ। | स्तरोन्नति पश्चात विशेष तथा पृथक व्यवहार गुम्न जानेछ। |
| २. | ३ | गैर पारस्परिक आधारमा सौविध्यपूर्ण उपाय अवलम्बन गर्ने विषय उल्लेख भएको छ। | स्तरोन्नति पश्चात गैर पारस्परिक आधारमा सौविध्यपूर्ण उपाय अवलम्बनमा कठिनाई उत्पन्न हुन सक्नेछ। |
| ३. | ७ | भन्सार महशुल न्यूनीकरण सम्बन्धमा अतिकम विकसित मुलुकको लागि केही थप समयसीमा उल्लेख भएको छ। साथै विकासशील सदस्य मुलुकले अतिकम विकसित मुलुकको आयातमा भन्सार महशुल थप कटौती गर्नुपर्ने व्यवस्था छ। सदस्य | स्तरोन्नति पश्चात अतिकम विकसित मुलुकको रुपमा प्राप्त भन्सार महसूलजन्य सहुलियत गुम्न जाने जोखिम रहेको छ। |

| क्र.सं. | धारा | अतिकम विकसित मुलुक सम्बन्धी प्रावधान | स्तरोन्नतिको असर |
|---|---|---|---|
| | | मुलुकले अतिकम विकसित र विकासशील सदस्य राष्ट्रको लागि संवेदनशील वस्तुको सूची समावेश गर्ने व्यवस्था रहेको छ। | |
| ४. | ११ | अतिकम विकसित मुलुकलाई परिमाणात्मक बन्देज, एण्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग शुल्क तथा दिगो निर्यात, प्राविधिक सहायता र सम्झौता कार्यान्वयनबाट न्यून हुन जाने राजश्वको क्षतिपूर्ति लगायतका विशेष तथा पृथक सुविधा दिइने व्यवस्था रहेको छ। | स्तरोन्नति पश्चात अतिकम विकसित मुलुकले प्राप्त गर्ने सम्झौता कार्यान्वयनबाट न्यून हुन जाने राजश्वको क्षतिपूर्ति लगायतका विशेष तथा पृथक सुविधा गुम्न जाने देखिन्छ। |
| ५. | १२ | मालदिभ्सले अतिकम विकसित मुलुक सरहको सुविधा पाउने व्यवस्था रहेको छ। | नेपालले समेत यो सुविधा प्राप्त गर्न पहल गर्नुपर्ने। |
| ६. | अनुसूची २ | अतिकम विकसित मुलुकको लागि क्षमता विकास, अनुसन्धान, निर्यात प्रवर्धन, लगानी प्रवर्धन लगायतका प्राविधिक सहायताका क्षेत्र उल्लेख भएको छ। | उक्त प्राविधिक सहायता स्तरोन्नति पश्चात प्राप्तिमा कठिनाई हुने देखिन्छ। |
| ७. | अनुसूची ४ | अतिकम विकसित मुलुकमा उत्पादन हुने वस्तुमा १० प्रतिशत कम आन्तरिक मूल्य अभिवृद्धिको लचिलो उत्पत्तिको नियमको व्यवस्था रहेको छ। | स्तरोन्नति पश्चात उत्पत्तिको थप कडा नियमहरु सामना गर्नुपर्ने देखिन्छ। |

माथि तालिका ५ मा उल्लिखित प्रावधानहरुले अतिकम विकसित मुलुकलाई थप सुविधा एवम् सहुलियत प्रदान गर्दछन्। नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात उक्त सुविधाहरु गुम्न जाने देखिन्छ। यद्यपि अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति भएको सदस्य राष्ट्र माल्दिभ्सले उक्त सुविधामा निन्तरता प्राप्त गरेको दृष्टान्त समेत रहेको हुँदा नेपालले समेत बंगलादेश र भुटानसँग सहकार्य गरी उक्त सुविधा निरन्तरताको लागि पहल गर्नुपर्ने देखिन्छ। त्यसैगरी बिमिस्टेक सम्बन्धी सम्झौतामा समेत संगठनका अतिकम विकसित सदस्य मुलुकको लागि केही



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

विशेष तथा पृथक सुविधाको व्यवस्था रहेको छ। यसबाट भूटान, बंगलादेश र नेपाल लाभान्वित हुनसक्ने भए तापनि यस सम्बन्धी विस्तृत वार्ता तथा सम्झौता हुन सकेको छैन।

## ४. स्तरोन्नतिबाट नेपालको व्यापारमा पर्ने सम्भावित प्रभाव

नेपाल अतिकम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुँदा माथि उल्लेखित अधिकांश सुविधा गुम्न जाने हुँदा यसको प्रत्यक्ष असर निर्यात व्यापारमा पर्न जाने देखिन्छ। यस सम्बन्धमा नेपाल सरकारका विभिन्न निकाय, संयुक्त राष्ट्रसंघका विशिष्टिकृत निकाय, विश्व व्यापार संगठन, अन्तर्राष्ट्रिय व्यापार केन्द्र लगायतका संस्थाले अध्ययन गरेको देखिन्छ। राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले सन् २०२० मा प्रकाशित गरेको मानव विकास प्रतिवेदन अनुसार नेपालको स्तरोन्नतिबाट ४.७ प्रतिशत निर्यात ह्रास हुने अनुमान छ भने विश्व व्यापार संगठन (२०२०) को अनुसार २.५ प्रतिशत र अन्तर्राष्ट्रिय व्यापार केन्द्र (२०२२) का अनुसार करिब ४ प्रतिशत निर्यात घट्ने अनुमान छ। अन्तर्राष्ट्रिय व्यापार केन्द्र (२०२२) को अध्यनन अनुसार नेपालको भारतमा हुने निर्यात दुई मुलुकवीचको द्विपक्षीय व्यापार सन्धिले निर्देशित गर्ने भएकाले उल्लेख्य असर नपर्ने कुरा उल्लेख छ । तर सन् २०२६ मा स्तरोन्नति पश्चात युरोपियन युनियन, विकसित तथा विकासोन्मुख मुलुकले प्रदान गर्दै आएको भन्सार तथा कोटारहित बजार पहुँचको सुविधा गुम्न जाँदा करिब ५९ मिलियन अमेरिकी डलर वरावरको निर्यात ह्रास हुनसक्ने अनुमान छ। तर साफ्टाको अतिकम विकसित मुलुकको सुविधा उपयोग गरेर हाल निर्यात भइरहेका प्रशोधित पाम, सोयाविन र सनफ्लावर तेलमा स्तरोन्नति पश्चात् नेपाल-भारत बीचको द्विपक्षीय सम्झौताको प्रावधान लागू हुने भएकाले यी वस्तुमा करिब ४२ मिलियन डलर निर्यात ह्रास आउने र कुल १०१ मिलियन डलर निर्यात ह्रास (सन् २०२६ मा प्रक्षेपित निर्यातको १३ प्रतिशत) आउने अनुमान छ। (आइटिसि, २०२२)

माथि उल्लेखित अध्ययनको आधारमा प्रमुख निर्यात बजार अनुसार नेपालको निर्यात व्यापारमा आउनसक्ने ह्रास तालिका ६ मा प्रस्तुत गरिएको छ। खासगरी अन्तर्राष्ट्रिय व्यापार केन्द्रको २०२२ को अध्ययनलाई प्रमुख आधार बनाइएको छ।

**तालिका ६. स्तरोन्नतिबाट प्रमुख निर्यात बजारमा पर्ने असरको विवरण**

| क्र.सं. | मुलुक | हाल प्राप्त सुविधा | स्तरोन्नतिको असर |
|---|---|---|---|
| १. | भारत | साफ्टाको अतिकम विकसित मुलुकजन्य सुविधा | यस सुविधा उपयोग गरेर निर्यात भइरहेका प्रशोधित पाम, सोयाविन र सनफ्लावर तेलमा भन्सार महशुल दरमा वृद्धि हुने देखिन्छ। स्तरोन्नति पश्चात् यी वस्तुमा द्विपक्षीय सम्झौताका प्रावधान लागू हुने र सो सम्झौतामा उल्लेखित यी वस्तुको कोटा |

| क.सं. | मुलुक | हाल प्राप्त सुविधा | स्तरोन्नतिको असर |
|---|---|---|---|
| | | | कायम भएमा यी वस्तुमा ४२ मिलियन डलर निर्यात ह्रास आउने अनुमान छ (आइटिसि, २०२२)। |
| २. | अमेरिका | व्यापार गार्हयता कार्यक्रम जिएसपि (अतिकम विकसित लाभान्वित विकासशील राष्ट्र र लाभान्वित राष्ट्र) को रूपमा प्राप्त गर्ने सुविधा | सो कार्यक्रम अन्तर्गत व्यापार सहजीकरण तथा व्यापार कार्यान्वयन ऐन २०१५ अनुसार सन् २०२५ सम्मको लागि तयारी पोशाक, ऊनी गलैंचा लगायतका ७७ वटा वस्तुमा नेपालले पाईरहेको शुन्य भन्सार महशुल सुविधा सन् २०२५ पश्चात् हट्ने हुँदा यी वस्तुको भन्सार महशुल दर बढ्न गई करिब १ मिलियन डलर निर्यातमा ह्रास हुने अनुमान छ। तर जिएसपि सुविधा अन्तर्गत नेपालबाट सिमित वस्तु मात्र निर्यात भएको हुँदा स्तरोन्नतिबाट ती वस्तुमा सामान्यतया असर नपर्ने अनुमान छ (आइटिसि, २०२२)। |
| ३. | युरोपेली युनियन | इबिए (एभ्रीथिङ्ग बट आर्मस) | यो प्रावधानको उपयोग गरेर युरोपेली बजारमा शुन्य भन्सार महशुलमा निर्यात भइरहेका वस्तु जस्तै तयारी पोशाक, टेक्सटाइल, कृषिजन्य वस्तु, ऊनीका सामान, कागज, काठका सामान आदिमा भन्सार महशुल दर बढ्ने अनुमान छ। स्तरोन्नति पश्चात् स्टान्डर्ड जिएसपि लागू हुने हुँदा यी मुलुकमा हुने १८ मिलियन निर्यात ह्रास (कुल ह्रासको ३० प्रतिशत) हुने अनुमान छ। यसबाट सबैभन्दा बढी जर्मनी, फ्रान्स र इटालीमा हुने निर्यातमा असर पर्ने अनुमान छ। साथै, आन्तरिक मूल्य अभिवृद्धिको हिस्सा ३० प्रतिशतबाट बढेर ५० प्रतिशत हुनुपर्ने तथा उत्पादन प्रकृयामा एक चरणको सट्टा दुई चरणमा प्रशोधन गर्नुपर्ने, कठोर उत्पत्तिको नियम लगायतका गैर भन्सारजन्य अवरोध बढ्ने हुनाले नेपाली वस्तुको प्रतिस्पर्धात्मक क्षमता थप घट्ने देखिन्छ (आइटिसि, २०२२)। |



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| क्र.सं. | मुलुक | हाल प्राप्त सुविधा | स्तरोन्नतिको असर |
|---|---|---|---|
| ४. | तुर्कीय | इबिए | यो प्रावधानको उपयोग गरेर टर्कीमा निर्यात भइरहेको सेन्थेटिक यार्नको निर्यात भन्सार महशुलमा वृद्धि हुने हुँदा १८ मिलियन निर्यात ह्रास (कुल ह्रासको २४ प्रतिशत) आउने अनुमान छ (आइटिसि, २०२२)। |
| ५. | संयुक्त अधिराज्य | इबिए | स्तरोन्नति पश्चात् संयुक्त अधिराज्यमा हुने निर्यातमा करिब ७ मिलियन डलर ह्रास आउने अनुमान छ (आइटिसि, २०२२)। साथै, उत्पत्तिको नियम केही कठोर हुनेछ। |
| ६. | चीन | जिएसपि (हाल १०० प्रतिशत वस्तुमा शुन्य महशुल तथा कोटा रहित प्रावधान दिने भनि घोषणा गरेको) | उत्पत्तिको नियममा आन्तरिक मूल्य अभिवृद्धि आवश्यकता विद्यमान ४० प्रतिशतबाट ६० प्रतिशत हुने तथा नेपालबाट निर्यात हुने केही वस्तुमा एमएफएन दर लागु हुने भएकोले भन्सार महशुल दर ७ देखि ३० प्रतिशतसम्म वृद्धि हुने देखिन्छ। यसबाट सुगन्धित तेल तथा रेटिनोइड्स, अत्तर, सौन्दर्य प्रशाधनका वस्तु, बेस मेटलका विविध वस्तु, गलैंचा तथा अन्य ओछ्याउने सामान लगायतका वस्तुमा भन्सार महशुल दरमा वृद्धि हुने र करिब ११ मिलियन डलरको निर्यात ह्रास आउने अनुमान छ (आइटिसि, २०२२)। |
| ७. | जापान | अतिकम विकसित मुलुकका ३८४५ वस्तुमा शुन्य महशुल सुविधा एवम् सबै मुलुकको लागि जिएसपि सुविधा | फलफूल, तरकारी, टेक्सटाइल, तयारी कपडा, छाला तथा छालाजन्य वस्तु र जुत्तामा जिएसपि दर उच्च भएको हुँदा स्तरोन्नति पश्चात् यी वस्तुको निर्यातमा करिब २ मिलियन डलर गिरावट आउने अनुमान छ। |
| ८. | क्यानडा | अतिकम विकसित मुलुकका ९८.५ प्रतिशत ट्यारिफ लाइनका वस्तु | अतिकम विकसित मुलुकका १,५१८ वस्तुमा शुन्य महशुल सुविधा रहेको तथा क्यानडातर्फ निर्यातमा यो छुट उपयोग दर ५५ प्रतिशत भएको हुँदा ठूलो असर पर्न जाने र करिब ३ |



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | मुलुक | हाल प्राप्त सुविधा | स्तरोन्नतिको असर |
|---|---|---|---|
| | | तथा ३८४५ वस्तुमा सामान्य ग्राहयता महशुल सुविधा एवम् अतिकम विकसित मुलुक तथा सबै मुलुकको लागि जिएसपि सुविधा | मिलियन डलर निर्यातमा गिरावट आउने अनुमान छ (आइटिसि, २०२२)। साथै, उत्पत्तिको नियममा समेत बाह्य वस्तुको मात्रा ८० प्रतिशतबाट ४० प्रतिशत हुनुपर्ने हुन्छ। खासगरी कार्पेट तथा भुइँमा ओछ्याउने वस्तु, टेक्सटाइल, तयारी पोशाक, तरकारी, जडिबुटी, जुत्ता लगायतका वस्तुको निर्यात प्रभावित हुने अनुमान छ। |
| ९. | अस्ट्रेलिया | जिएसपि सुविधा | अस्ट्रेलियामा निर्यात हुने कफी, चिया, खाद्य पदार्थ, खनिज, धातु र काठका सामाग्री र कागजमा एमएफन महशुल शुन्य वा ज्यादै न्यून रहेको तर टेक्सटाइल, तयारी पोशाक र कपडाको एमएफएन महशुल उच्च भए तापनि लागू हुने महशुल दर न्यून भएकोले स्तरोन्नति पश्चात् यी वस्तुको निर्यातमा सामान्य असर पर्ने अनुमान छ।उत्पत्तिको नियम भने हालको भन्दा कठोर हुनेछ। |

माथि तालिका ६ मा अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसि) ले सन् २०२२ मा गरेको अध्ययनबाट स्तरोन्नति पश्चात देशगत रुपमा नेपालको व्यापारमा पर्न जाने असरको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ। नेपालको प्रमुख व्यापार साझेदारको रुपमा रहेको भारतसँगको व्यापार सम्झौता स्तरोन्नतिबाट प्रभावित हुने देखिदैन। यद्यपि साफ्टाको सुविधा अन्तर्गत भारतमा निर्यात भईरहेको वस्तुको सन्दर्भमा असर पर्ने देखिन्छ। वस्तुगत रूपमा भारत बाहेक स्तरोन्नतिको सबैभन्दा बढी असर युरोपेली मुलुक, अमेरिका र क्यानडामा निर्यात हुने तयारी पोशाक (२१ मिलियन डलर अर्थात् कुल ह्रासको ३५.५ प्रतिशत) मा पर्ने अनुमान छ।त्यसैगरी युरोपेली मुलुक र टर्कीमा निर्यात हुने टेक्सटाइल फेब्रिक्स (१४ मिलियन डलर अर्थात् कुल ह्रासको २३.७ प्रतिशत) र कार्पेट (६ मिलियन डलर अर्थात् कुल ह्रासको १० प्रतिशत) मा समेत स्तरोन्नतिको प्रत्यक्ष असर पर्ने देखिन्छ। खाद्य पदार्थमा ६९ प्रतिशत र घरायसी लुगामा २५ प्रतिशत व्यापार ह्रास हुने अनुमान छ। चीनतर्फ निर्यात हुने अत्तर, कस्मेटिक लगायतका वस्तु, अमेरिकामा निर्यात हुने सिसाका उत्पादन, अष्ट्रेलिया, चीन लगायतका मुलुकका निर्यात हुने धातु र अन्य वस्तु तथा युरोपेली युनियन लगायतका अन्य मुलुकमा निर्यात हुने छाला तथा छालाजन्य वस्तु र खाद्य पदार्थको निर्यातमा समेत असर पर्ने अनुमान छ (आइटिसि, २०२२)। साथै, उत्पत्तिको आधार अनुसार आन्तरिक मूल्य अभिवृद्धि हालको ३० प्रतिशतबाट सार्क मुलुक र क्यानडामा ४० प्रतिशत, युरोपियन युनियनका सदस्य राष्ट्रमा ५० प्रतिशत



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

र अन्य कतिपय मुलुकमा ६० प्रतिशत हुनुपर्ने एवम् कतिपय वस्तु जस्तै तयारी पोशाकमा एक चरणबाट दुई चरणको रूपान्तरण जस्ता जटिल गैर-भन्सारजन्य मापदण्डको पालना गर्नुपर्ने देखिन्छ।

त्यसैगरी स्तरोन्नति पश्चात विश्व व्यापार संगठन अन्तर्गतका विभिन्न सम्झौता तथा निर्णयमा अतिकम विकसित राष्ट्रलाई सम्झौता कार्यान्वयनको लागि प्राप्त हुने थप समयसीमा तथा सहुलियत गुम्न जाने देखिन्छ। विश्व व्यापार संगठनको कृषि सम्झौता अन्तर्गत अति कम विकसित सदस्यको रुपमा प्रत्येक दुई वर्षमा कृषि क्षेत्रमा प्रदान गरिएका घरेलु सपोर्ट सम्बन्धित नोटिफिकेशन स्तरोन्नति पछि प्रत्येक वर्ष गर्नुपर्नेछ। विश्व व्यापार संगठन अन्तर्गतको अनुदान तथा काउन्टरभेलिङ्ग सम्झौता बमोजिम स्तरोन्नति पछि निर्यातमा नगद अनुदान, आयात प्रतिस्थापन गर्ने अनुदान, तथा नेपाली उद्योगहरुलाई कर छुट, भन्सार छुट लगायतका सहुलियत दिन कठिनाई हुनेछ। हाल निर्यातमा प्रदान गरिरहेको नगद प्रोत्साहन, विशेष आर्थिक क्षेत्रमा प्रदान गरिएको कर छुट, सहुलियत तथा अन्य निर्यातमूलक उद्योगहरुलाई प्रदान गरिएको सहुलियत तथा छुटलाई यहि रुपमा निरन्तरता दिन सकिने छैन। स्तरोन्नतिपछि नेपाल अनुदान तथा काउन्टरभेलिङ्ग सम्झौताको अनुसूची ७ (ख) मा समावेश हुन नसकेको खण्डमा उपरोक्त अनुदान र सहुलियत सम्झौता विपरित हुन जानेछन्। तसर्थ, नेपालले उक्त सम्झौताको अनुसूची ७ (ख) मा समावेश हुन पहल गर्नुपर्ने देखिन्छ। विश्व व्यापार संगठन अन्तर्गतको बौद्धिक सम्पत्तिको व्यापार पक्ष सम्बद्ध सम्झौताको कार्यान्वयनको लागि अति कम विकसित देशहरुलाई सन् २०३४ सम्मको समयसीमा भएकोमा नेपालको स्तरोन्नति भएपश्चात यो सम्झौता तत्काल कार्यान्वयन गर्नुपर्ने हुन्छ।

विश्व व्यापार संगठन स्थापना भएपश्चात विश्व व्यापार संगठनकै तत्वावधानमा वार्ता तथा सहमति भई तयार भएको व्यापार सहजीकरण सम्झौता सन् २०१७ देखि कार्यान्वयनमा आएको हो। यस सम्झौता अन्तर्गतका प्रावधानहरुलाई सदस्य राष्ट्रहरुले कार्यान्वन गर्ने समयावधि र क्षमताका आधारमा प्रत्येक राष्ट्रको लागि Category A, B र C गरी तीन समूहमा बाँडिएको हुन्छ। 'Category A' अन्तर्गत राखिने प्रावधानहरु उक्त सदस्य राष्ट्रले सम्झौता लागू भएपश्चतात तत्काल लागू गर्न सक्ने हुन्छ। विकासशील राष्ट्रहरुले 'Category B' अन्तर्गत सचित गरेका प्रावधानहरु कार्यान्वयन गर्न थप समयावधि प्राप्त गर्दछन्। त्यसैगरी अतिकम विकसित 'Category C' अन्तर्गत राखिने प्रावधानहरु कार्यान्वयनको लागि थप समयावधि तथा विकास साझेदारहरुबाट सहायता समेत प्राप्त गर्दछन्। अतिकम विकसित देशको रुपमा प्राप्त 'Category C' अन्तर्गतका प्रावधान कार्यान्वयनको लगि थप समय सीमा पाउने तथा प्राविधिक सहायता पश्चात मात्र प्रावधान कार्यान्वयन गर्ने लचकता अतिकम विकसित मुलुक नै नरहेपछि गुम्न जाने देखिन्छ। साथै, विश्व व्यापार संगठन अन्तर्गत अति कम विकसित राष्ट्रहरुले प्राप्त गर्ने विशेष क्षमता अभिवृद्धि लक्षित कार्यक्रमहरु र Enahnced Integraed Framework कोषमा पहुँच र विश्व व्यापार संगठनको विवाद समाधान संयन्त्रमा प्राप्त केही सहुलियत समेत गुम्न जाने देखिन्छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ५. नेपालको विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी राष्ट्रिय रणनीति

राष्ट्रिय योजना आयोगले नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति सहज र दिगो बनाउन सहज रुपान्तरण रणनीति (Smooth Transition Strategy) र कार्यनीतिहरू समेत तयार गरेको छ। रणनीति र कार्यनीतिहरू आवधिक योजना क्षेत्रगत नीतिहरू र नेपालको संघ, प्रदेश र स्थानीय सरकारहरूको रणनीतिहरूसँग तादाम्यता मिलाउने गरी तयार गरिएका छन्। त्यसैगरी, यो रणनीति तयार गर्दा दोहा कार्ययोजना २०२२ देखि २०३१ लाई ध्यान दिईएको देखिन्छ। यस सहज रुपान्तरण रणनीतिमा छ वटारणनीतिक स्तम्भ अन्तर्गत छ वटा उद्देश्य, छ वटा रणनीतिहरू, ३९ वटा कार्यनीतिहरू र १६७ वटा कार्यहरु पहिचान गरिएका छन् ।

**तालिका ७. सहज रुपान्तरण रणनीतिमा उल्लिखित रणनीतिहरु**

| क्र.सं. | स्तरोन्नतिको सूचकाङ्क | रणनीतिक स्तम्भ (Strategic Pillar) |
|---|---|---|
| १. | प्रतिव्यक्ति आय (GNI Per Capita) | १. समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक दिगोपना (Macro-economic stability and fiscal sustainability) |
| | | २. व्यापार तथा लगानी (Trade and investment) |
| | | ३. आर्थिक रुपान्तरण (Economic transformation) |
| २. | मानव सम्पत्ति सूचकाङ्क (HAI) | ४. उत्पादन क्षमता अभिवृद्धि (Building productive capacity) |
| ३. | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (EVI) | ५. जलवायु परिवर्तन तथा विपद जोखिम व्यवस्थापन (Climate change and disaster risk management) |
| | | ६. सामाजिक समावेशिता तथा एकीकरण (Social inclusion and integration) |

स्रोतः राष्ट्रिय योजना आयोग

सहज रुपान्तरण रणनीतिमा उल्लिखित रणनीतिक स्तम्भहरु मध्ये व्यापार तथा लगानी सम्बन्धी दोस्रो स्तम्भ प्रत्यक्ष रुपमा व्यापार क्षेत्रसँग सम्बन्धित रहेको छ। उल्लिखित रणनीतिहरु कार्यान्वयन गरी व्यापार तथा लगानी सम्बन्धी रणनीतिक स्तम्भको उद्देश्य हासिल गरी नेपालको विकासशील राष्ट्रमा स्तरोन्नतिको रुपान्तरणलाई दिगो र सहज बनाउन आवश्यक छ। यसका लागि सहज रुपान्तरण राष्ट्रिय रणनीति अन्तर्गतका वाणिज्य क्षेत्रसँग सम्बन्धित रणनीति एवम् कार्यनीतिहरु र परिवर्तित परिवेशमा आवश्यक अन्य विषयहरु समावेश गरी सबल र दिगो रुपान्तरण गर्न समेत वाणिज्य क्षेत्रको रणनीतिक योजना आवश्यक देखिएको हो।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ६. वाणिज्य क्षेत्रको रणनीतिक योजना

विकासशील मुलुकको रुपमा सहज स्तरोन्नतिको लागि वाणिज्य क्षेत्रको रणनीतिक योजनाको आवश्यकता, दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरु देहायबमोजिम तय गरिएको छ ।

### ६.१ आवश्यकता:

नेपालको विकासशील राष्ट्रमा दिगो, सहज र उत्थानशील स्तरोन्नति मार्फत मुलभूत रुपमा यसको मापनका सूचकाङ्को रुपमा रहेको प्रतिव्यक्ति कुल राष्ट्रिय आयमा दिगो वृद्धि, मानव विकासका परिसूचकमा थप सुधार र आर्थिक तथा वातावरणीय जोखिम न्यूनीकरण गर्दै जानुपर्ने आवश्यकता रहको छ। नेपालले सवैभन्दा महत्वपूर्ण प्रतिव्यक्ति कुल राष्ट्रिय आयको सीमा नै पार नगरी स्तरोन्नति हुन् लागेको अवस्था छ। अन्तर्राष्ट्रिय अनुभव हेर्दा स्तरोन्नति भईसकेका मुलुकहरुमा बोत्सवाना, काबो वेर्डे, भूटान, मालदिभ्स, सामोआ, इक्वेटोरियल गिनी, भानुआतु, साउ टोमे एण्ड प्रिन्सिपे सवैले स्तरोन्नतिको समयमा आयको सीमा पार गरिसकेका थिए । नेपालसँगै सन् २०२६ मा स्तरोन्नति हुन् गईरहेका मुलुकहरु बंगलादेश र लाओसको पनि सन् २०२४ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय स्तरोन्नति सीमा भन्दा झन्डै दोब्बर रहेको छ। सन् २०२९ मा स्तरोन्नति हुन् गईरहेको कम्बोडियाको सन् २०२४ मै नेपाल भन्दा उच्च रहेको छ। त्यसैगरी नेपालको आर्थिक तथा वातावरणीय जोखिमका सूचकाङ्कमा पनि सुधार हुन् सकेको छैन। भू-परिवेष्ठितता र दुर्गम अवस्थिति, वस्तु निर्यातको संकेन्द्रितता, वस्तु र सेवाहरूको निर्यातको अस्थिरताले व्यापार लागत प्रतिस्पर्धी हुन् नसक्ने अवस्था छ। त्यसैगरी सुक्खा क्षेत्रहरू विशेष गरी जलवायु परिवर्तन र अन्य संकट भू-क्षेयीकरण, सुक्खा, बनडढेलो, बाढी, पहिरो प्रति संवेदनशीलता, कृषि उत्पादनमा अत्यधिक अस्थिरताले गर्दा थप चुनौतीहरु सिर्जना गरेको छ।

त्यसैगरी, नेपालको विकासशील मुलुकमा स्तरोन्नतिले विभिन्न अवसरहरु सिर्जना हुने देखिन्छन। नेपालको आर्थिक विकासमा लगानी आकर्षण, प्रतिष्पर्धात्मक क्षमता विकास भई महत्वपूर्ण कोशेढुङ्गा सावित हुनेछ। यसले देशको समग्र छवि सुधार हुने र अन्तर्राष्ट्रिय समुदायमा नेपालको प्रतिष्ठा बढ्ने देखिन्छ। अति कम विकसित मुलुकबाट विकासशील देशको श्रेणीमा प्रवेश गर्दा नेपालको हालको क्रेडिट रेटिङ्गमा समेत सुधार हुनेछ जसले वस्तु र सेवा व्यापारमा वृद्धि भई पेटेन्ट, कपिराईट, ट्रेडमार्क, भौगोलिक सङ्केतलगायतका वौद्धिक सम्पत्ति विकास र विस्तार हुन मद्दत पुग्नेछ । यसले नेपाललाई पर्यटनको क्षेत्रमा पनि नयाँ अवसर प्रदान गर्ने देखिन्छ र विदेशी पर्यटकहरूको सङ्ख्या वृद्धि हुनेछ। साथै ऋण योग्यतामा सुधार आएपछि नेपाललाई सस्तो र लचिलो ऋण उपलब्ध हुने सम्भावना बढ्नेछ जसले विकास परियोजनाहरूलाई तीव्र गतिमा अगाडि बढाउन मद्दत पुऱ्याउनेछ। नेपालले विकास वित्तको पहुँचमा विस्तार गर्न सक्दा ठुला र दीर्घकालीन विकास परियोजनाहरूको निर्माणलाई पनि सम्भव बनाउनेछ। यसले निजी क्षेत्रको विकास भई गरिबी निवारणमा पनि महत्वपूर्ण योगदान पुग्नेछ। त्यसबाट समग्रमा रोजगारी वृद्धि भई



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रति व्यक्ति आम्दानी वृद्धि हुनुको साथै शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा सुधार ल्याउनेछ। यसरी विकासशील देशमा स्तरोन्नतिले बहुआयामिक अवसर सिर्जना गरी नेपालको लागि समग्र आर्थिक र सामाजिक सुधारको हुनेछ।

यो बृहत विषयहरुलाई सम्बोधन गर्न वाणिज्य क्षेत्रमा नेपालले मुख्य रुपमा हाल अतिकम विकसित राष्ट्रको रुपमा प्राप्त गरिरहेको सहुलियतपूर्ण बजार प्रवेश, अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी सन्धि सम्झौतामा विशेष र फरक व्यवहारबाट प्राप्त सुविधा एवम् प्राविधिक सहयोग र प्रविधि हस्तान्तरणको क्षेत्रमा देखापर्ने चुनौतीहरु सामना गर्न तथा स्तरोन्नतिबाट अन्तर्राष्ट्रिय व्यापारमा सृजना हुन सक्ने अवसरहरुको महत्तम उपयोग गर्नुपर्ने हुन्छ। यस कार्ययोजना तर्जुमा गर्ने क्रममा स्तरोन्नतिबाट नेपालको व्यापार क्षेत्र विशेषगरी निर्यातमा पर्ने प्रभाव सम्बन्धी विभिन्न अध्ययन प्रतिवेदन, वाणिज्य क्षेत्रसँग सम्बन्धित विभिन्न सन्धि सम्झौता, प्रतिवद्धता र अभ्यास, सङ्घीय शासन प्रणाली, हालको विश्व अर्थतन्त्रको प्रवृति, अन्तर्राष्ट्रिय व्यापारको वदलिदो सन्दर्भ, सूचना प्रविधि, ई-कमर्शको बढ्दो प्रयोग लगायतलाई समेत आधार लिइएको छ।

यस रणनीतिक योजनाले वाणिज्य क्षेत्रको सबलीकरण मार्फत नेपालको विकाशील देशमा दिगो र उत्थानशील स्तरोन्नति गरी आर्थिक समृद्धिको यात्रा तय गर्ने रणनीति र कार्यनीतिहरु तय गरेको छ। नेपाली वस्तु तथा सेवाको उत्पादन, उत्पादकत्व र गुणस्तर अभिवृद्धि, निर्यात प्रवर्धन तथा आयात व्यवस्थापनको लागि नीतिगत, सस्थागत, पूर्वाधारजन्य एवम् संरचनागत सुधारको कार्ययोजना मार्फत नेपाली उत्पादनको बजार विस्तार, प्रतिस्पर्धात्मकता अभिवृद्धि एवम् विश्वव्यापी मूल्य शृङ्खलामा दिगो आबद्धता गर्ने आवश्यकता सम्बोधन गर्न समेत यो रणनीतिक योजना तर्जुमा गरिएको हो।

## ६.२ दुरदृष्टिः

वाणिज्य क्षेत्रको प्रवर्धन गर्दै आर्थिक समृद्धि मार्फत विकासशील मुलुकमा दिगो र उत्थानशील स्तरोन्नति ।

## ६.३ लक्ष्यः

बजार पहुँच विस्तार गरी निर्यात, व्यापार र लगानीको प्रवर्धन गरेर दिगो आर्थिक समृद्धि हासिल गर्ने ।

## ६.४ उद्देश्यः

(क) उत्पादन, उत्पादकत्व र व्यापारको प्रतिस्पर्धात्मकता वृद्धि गर्दै अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको पहुँच सुदृढ गरी विकासशील मुलुकमा उत्थानशील स्तरोन्नति सुनिश्चित गर्नु,

(ख) स्तरोन्नतिबाट व्यापार क्षेत्रमा पर्नसक्ने प्रभावको न्यूनीकरण गर्दै लगानी र निर्यात प्रवर्धन तथा व्यापार विविधीकरण गर्नु।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ६.५ रणनीतिहरुः

(क) वस्तु तथा सेवाको बजार पहुँच सुदृढ गर्ने,

(ख) निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन, उत्पादकत्व तथा गुणस्तर सुदृढीकरण गर्ने,

(ग) व्यापारजन्य पूर्वाधार, लजिस्टिक सेवा तथा व्यापार सहजीकरणको क्षेत्रमा सुधार गर्ने,

(घ) भन्सार तथा गैरभन्सारजन्य उपायहरु तथा घरेलु सहायता परिचालन गरी नेपाली उत्पादनको प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्ने,

(ङ) सेवा व्यापार तथा डिजिटल व्यापार सुदृढीकरणमा जोड दिने,

(च) आर्थिक कुटनीति मार्फत व्यापार, लगानी तथा विश्वव्यापी मूल्य शृङ्खलामा आबद्धता अभिवृद्धि गर्ने,

(छ) व्यापार क्षेत्रको संस्थागत तथा प्रणालीगत क्षमता अभिवृद्धि गर्ने।

## ६.६ कार्यनीतिहरुः

| सि.नं. | कार्यनीतिहरु |
|---|---|
| (क) | **वस्तु तथा सेवाको बजार पहुँच सुदृढ गर्ने।** |
| १.१ | संयुक्त राज्य अमेरिका, चीन तथा अन्य प्रमुख व्यापारिक साझेदार मुलुकसँग द्विपक्षीय स्वतन्त्र व्यापार क्षेत्र सम्झौता सम्बन्धी विस्तृत अध्ययन गरिनेछ। |
| १.२ | पहिचान गरिएका प्रमुख व्यापारिक साझेदारसँग स्वतन्त्र व्यापार सम्झौता गर्न पहल गरिनेछ। |
| १.३ | युरोपियन युनियनसँग GSP+ सुविधा एवम् तुर्किये, संयुक्त अधिराज्य लगायतका मुलुकबाट प्राप्त हुने सुविधाको लागि आवश्यक शर्त पालना सम्बन्धी कार्य तथा गार्हस्थ्य मूल्य अभिवृद्धिको सीमालाई निरन्तरता दिन वार्ता तथा सम्झौता गरिनेछ। |
| १.४ | अन्तर्राष्ट्रिय व्यापारको लागत कम गर्न वैकल्पिक पारवहन मार्ग थप गर्ने गरी नेपाल भारत बीचको पारवहन सन्धि पुनरावलोकन गरिनेछ। |
| १.५ | फुलबारी-बंगलाबन्ध मार्गको प्रभावकारी प्रयोग तथा वीरगञ्ज र विराटनगरबाट रेलमार्ग मार्फत भारतको राधिकापुर र सिंहवाद नाका हुँदै बंगलादेशमा निकासी गर्न नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय वार्ता तथा सम्झौता गरिनेछ। |
| १.६ | अष्ट्रेलिया, क्यानडा, जापान, नर्वे, कोरिया र स्वीटजरल्याण्डसँग अतिकम विकसित मुलुकको रूपमा प्राप्त भन्सार छुट सुविधा निरन्तरताको लागि समयावधि थप गर्न पहल गरिनेछ। |



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| सि.नं. | कार्यनीतिहरु |
|---|---|
| १.७ | चीनसँगको शून्य भन्सार दरको सुविधाको प्रकृयागत सरलीकरण तथा थप अन्तरिम समय सम्बन्धमा गृहकार्य तथा वार्ता गरिनेछ। |
| १.८ | बंगलादेश, भूटान, पाकिस्तान लगायतका मुलुकसँग व्यापार वार्ता गर्दा स्तरोन्नति पश्चात्को अवस्थालाई मध्यनजर गर्दै व्यापार गर्ने वस्तुको सूची आदान प्रदान गरिनेछ। |
| १.९ | नेपालको व्यापार सम्बन्धमा संयुक्त राज्य अमेरिकाले सन् २०१५ मा विशेष ऐनमा गरेको व्यवस्थालाई सन् २०२५ पश्चात् समेत निरन्तरता दिने तथा थप वस्तु थप गर्नेगरी वार्ता गरिनेछ। |
| १.१० | साफ्टा अन्तर्गत अतिकम विकसित मुलुकले पाउने सुविधा स्तरोन्नति पश्चात समेत माल्दिभ्सले पाइरहेको सन्दर्भमा बंगलादेश र भूटानसँग समेत सहकार्य गरेर त्यस्तो सुविधा निरन्तरताका लागि वार्ता गरिनेछ। |
| १.११ | बिमिस्टेक स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी फ्रेमवर्क सम्झौता अनुसार वार्ताको क्रममा रहेका संवेदनशील वस्तुको सूची र नकारात्मक वस्तुको सूचीलाई समय सापेक्ष समीक्षा गरी स्तरोन्नति पश्चात् समेत अनुकूल बनाउन नयाँ सूचीको तयारी वा अन्य सम्भावित विकल्प बारेमा अध्ययन तथा छलफल गरिनेछ। |
| १.१२ | युरोपियन युनियनको GSP+ सुविधा प्राप्तिको लागि अनुमोदन गर्नुपर्ने बाँकी महासन्धि तथा प्रोटोकलको लाभ हानिको मूल्याङ्कनको आधारमा हस्ताक्षर र अनुमोदन गरिनेछ। |
| १.१३ | क्षेत्रीय विस्तृत आर्थिक साझेदारी (RCEP) को सदस्यता सम्बन्धमा विस्तृत अध्ययन तथा मूल्याङ्कन गरिनेछ। |
| १.१४ | सुविधाका शर्त खासगरी उत्पत्तिको नियम, मूल्य अभिवृद्धिको सीमामा सरलता वा छुटको लागि व्यापार साझेदार मुलुकसँग वार्ता गरिनेछ। |
| १.१५ | प्रमुख व्यापार साझेदार मुलुकसँग एसपीएस र औद्योगिक वस्तुको मापदण्ड परीक्षण सम्बन्धी पारस्परिक मान्यता सम्झौता गरिनेछ। |
| १.१६ | स्तरोन्नति हुने अतिकम विकसित राष्ट्रको हित रक्षा गर्न विश्व व्यापार संगठनमा पेश गरिएका विभिन्न प्रस्तावका बारेमा अतिकम विकसित राष्ट्र समूहसँग निरन्तर सहकार्य गरिनेछ। |
| १.१७ | नेपालको तेस्रो व्यापार नीति समीक्षामा स्तरोन्नति पश्चात् सिर्जना हुने समस्या तथा चुनौतीको विश्लेषण गरी थप सहयोगका क्षेत्र पहिचान गरिनेछ। |
| १.१८ | व्यापार सहजीकरण सम्झौता र विश्व व्यापार संगठनको मन्त्रीस्तरीय सम्मेलनबाट अतिकम विकसित मुलुकको लागि प्रदान गरिने सहयोग तथा सुविधाको अधिकतम उपयोग गरिनेछ। |
| १.१९ | ऊर्जा तथा सेवा व्यापारलाई क्षेत्रीय तथा त्रिपक्षीय सम्झौता भित्र प्राथमिकताको साथ अगाडि बढाइनेछ। |



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| सि.नं. | कार्यनीतिहरु |
|---|---|
| १.२० | स्तरोन्नति हुने अतिकम विकसित राष्ट्रको हित रक्षा गर्न तथा न्यून आय भएका राष्ट्रहरुलाई सहुलियतपूर्ण बजार प्रवेशको लागि विश्व व्यापार संगठनमा पेश गरिएका विभिन्न प्रस्तावका बारेमा अतिकम विकसित राष्ट्र समूहसँग निरन्तर सहकार्य गरिनेछ। |
| १.२१ | विकासशील राष्ट्रमा स्तरोन्नति भएका मुलुकहरूसँग छलफल तथा अन्तरक्रिया गरी स्तरोन्नतिपछि देखा पर्न सक्ने अवरोध र चुनौतिहरुको बिषयमा अनुभव आदानप्रदान र समस्या समाधानको लागि तयारी गरिनेछ। |
| १.२२ | निजी क्षेत्रसँग समन्वय गरी निर्यातयोग्य उत्पादन र गन्तव्य देशहरुमा व्यापार विविधीकरणको सम्भावनाको विस्तृत अध्ययन गरिनेछ। |
| १.२३ | संयुक्त राज्य अमेरिका, चीन, भारत युरोपियन यूनियन लगायतको प्रमुख सम्भावित बजारको अध्ययन गरी थप वस्तु तथा सेवाको पहिचान तथा प्रवर्धन गरिनेछ। |
| **(ख)** | **निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन, उत्पादकत्व तथा गुणस्तर सुदृढीकरण गर्ने।** |
| २.१ | साना किसान, सहकारी तथा साना तथा घरेलु उद्योगले उत्पादन गर्ने प्राथमिक तथा अर्धप्रशोधित वस्तु स्वदेशी मझौला तथा ठूला उद्योगले प्रयोग गर्ने गरी मूल्य शृङ्खला कायम गर्न प्रोत्साहन गरिनेछ। |
| २.२ | अन्तर्राष्ट्रिय गुणस्तर मापदण्डहरु अनुकूल हुने गरी नेपाली उत्पादनको गुणस्तरीयता प्रमाणित गर्न राष्ट्रिय गुणस्तर पूर्वाधारहरू सुदढीकरण गरिनेछ। |
| २.३ | निर्यात सम्भावना भएका कृषि तथा वनजन्य उत्पादनको शुद्धता र जैविक सुरक्षाको गुणस्तर कायम गर्न निजी क्षेत्रलाई सहजीकरण गरिनेछ। |
| २.४ | नेपाली फर्महरूलाई अन्तर्राष्ट्रिय बजारमा आफ्नो उत्पादनको बौद्धिक सम्पत्ति दर्ता, ब्रान्डिङ र मार्केटिङका लागि विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराईनेछ। |
| २.५ | बजार सम्भाव्यताको आधारमा निर्यात सम्भावना भएका वस्तु तथा सेवाको सूची अद्यावधिक गरिनेछ। |
| २.६ | जडिबुटी औषधि उत्पादकहरूलाई उनीहरूको उत्पादनको गुणस्तर नियन्त्रण गरी उत्पादन निर्यात गर्न आवश्यक तालिम दिईनेछ। |
| २.७ | सौन्दर्य प्रशाधन (कस्मेटिक) सामग्री उत्पादकहरूलाई उत्पादन गरी निर्यात गर्ने आधार निर्माण गरिनेछ। |
| २.८ | ऊनी गलैंचा, धागो लगायतका वस्तुको मूल्य अभिवृद्धि गर्न विशेष जोड दिइनेछ। |
| २.९ | मसला, फलफुल, तरकारी र जुटको निर्यात विस्तार गर्न व्यावसायिक खेतीलाई प्रोत्साहन गरिनेछ। |
| २.१० | कृषि फसलको भण्डारण, प्रशोधन र ढुवानी क्षमता अभिवृद्धि गरिनेछ। |
| २.११ | बहुमूल्य तथा अर्धकिमति पत्थरको प्रशोधन र निर्यातमा जोड दिइनेछ । |



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| सि.नं. | कार्यनीतिहरु |
|---|---|
| २.१२ | जडीबुटी तथा सुगन्धित तेल प्रशोधन, आयुर्वेदिक औषधी र सौन्दर्य प्रशाधन सामाग्री उत्पादन तथा निर्यातलाई प्रोत्साहन गरिनेछ। |
| २.१३ | हाते कागज र वन स्रोतमा आधारित रेसाबाट बन्ने कपडा उत्पादन क्षमता अभिवृद्धि गरिनेछ। |
| २.१४ | हिमाली क्षेत्रको मिनरल पानीको निकासी प्रवर्धन गर्न सरकारी क्षेत्रबाट पहल गर्नुका साथै निजी क्षेत्रसँग सहकार्य गरिनेछ । |
| २.१५ | सूचना प्रविधि तथा बि.पि.ओ. क्षेत्रको कुशलता तथा क्षमता अभिवृद्धि गर्न उच्च सीपयुक्त जनशक्ति उत्पादन तथा सेवा निर्यातमा प्रोत्साहन गरिनेछ। |
| २.१६ | पर्यटन, ऊर्जा लगायतका सेवा क्षेत्रको विविधिकरण, क्षमता अभिवृद्धि एवम् विश्व मूल्य शृङ्खलामा आबद्धताको लागि प्रोत्साहन गरिनेछ। |
| २.१७ | हस्तकला, पश्मिना र गलैंचा उत्पादन गर्ने साना तथा मझौला उद्यमीहरुको उत्पादन दक्षता अभिवृद्धि गरेर प्रतिस्पर्धात्मकता वृद्धि गरिनेछ। |
